बागमति प्रदेश, नेपाल

काहुले, नुवाकोट

## आ.व.२०७७।०७८ को बाँकी अवधिको लागि ढुंगा, बालुवा, गिट्टी, ग्राभेल, इटा र कवाडी लगायतका नदीजन्य एवं खानीजन्य सामाग्रीहरुको संकलन तथा बिक्रि कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धि सूचना ।

### प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०४।२९..

किस्पाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय नुवाकोटले स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ को (घ) ६, सार्वजनिक खरिद ऐन तथा नियमावली, नेपाल सरकार मन्त्री परिषदको मिति ०७७।४।५ निर्णयानुसार स्वीकृत "ढुंगा, गिट्टी तथा बालुवा उतखन्न बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदयड २०७७" , प्रदेश सरकार बागमति प्रदेशबाट जारी गरिएको नदीजन्य पदार्थ ( संकलन र उपयोग) सम्बन्धमा ब्यबस्था गर्न बनेको कार्यबिधि, राजश्व परामर्श समितिको निर्णय एवं गाउँसभाको निर्णयानुसार चालु आ.व. २०७७।०७८ को बाँकी अवधिको लागि किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सलाखु र त्रिशुली नदिको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित र आसपासका क्षेत्रहरुबाट उत्खनित देहायका परिमाणको ढुंगा गिट्टी बालुवा, रोडा, ग्राभेल,साधारण निर्माण सामाग्री र इटा, माटोको संकलन तथा बिक्रि कर संकलन, कवाडी सामानमा लाग्ने कर र निर्यातजन्य सामानहरुमा लाग्ने निकासी कर समेत असुली सम्बन्धि कार्य गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक फर्मले यो सुचना प्रकाशित मितिले ३० दिन भित्र यस कार्यालयको सानीमा बैंक किस्पाङ शाखामा रहेको आन्तरिक राजश्व खाता ०५९०१००४००००००८ मा बोलपत्र दस्तुर बापतको रु.३०००।० तीन हजार (फिर्ता नहुने) नगदै जम्मा गरेको भौचरको स्क्यान कपि, नविरकण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७५।०७६ को कर चुक्ता, सहित बोलपत्र फारम भरि ३१ औ दिनको १२:०० बजे भित्र आफुले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम सानीमा बैंक किस्पाङ शाखामा रहेको स्थानीय तह धरौटी खाता ०५९०१००२००००१५ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त "क" श्रेणीका बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैंक ग्यारेन्टी (Bid Bond) सम्लग्न राखि सार्वजनिक खरिद अनुगमन कार्यालयको website centralize EGP portal WWW.bolpatra.gov.np मार्फत ई बिड पेश गर्न सकिनेछ । रितपुर्वक पर्न आएका बोलपत्रहरु ३१ औ दिनको १:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधि र नेपाल सरकारका कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ । पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइनेछ र अन्य बिस्तृत जानकारीका लागि यस कार्यालयको आन्तरिक आय शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | बिवरण | उत्खनन् परिमाण (क्युव फिट) | दर ( मु.अ.क र बाहेक) | कुल न्युनतम अंक (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटि रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| ०१/आन्तारक आय/किस्पाङ/२०७७।०७८ | १. नुवाकोट जिल्ला किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सलाखु र त्रिशुली नदी किनार बाट निस्कने र आसपासका क्षेत्रहरुमा उ त्खनित ढुंगा, गिट्टि, बालुवा, ग्राभेल, रोडा, चिप्स, माटो<br>यस गाउँपालिकामा निर्माणाधिन योजना आयोजनाहरुले उत्खनन् गरी प्रयोग गर्ने निर्माणजन्य सामाग्री ( नदिजन्य बाहेक अनुमानित)<br>१. गल्छी त्रिशुली मैलुङ सडक ३५००००<br>२. त्रिशुली ३ बि आयोजना १०००००<br>३. सलाखु सातदोबाटो भाल्चे साल्मे सडक २०००० | ६४५००० क्युव फिट<br>४७०००० क्युव फिट | ९। | १०२,३०,०००।० | कवोल अकको ५ प्रतिशत | ३०००। |
| | २. इटा, कवाडी फलाम तथा सामानहरु, कागज, बोतल एवं थुन्सेको निकासी कर | | | | | |

शर्तहरु:

खुम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश, नेपाल

काहुले, नुवाकोट

२०७३

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म E-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यलयको website centralize EGP Portal www.bolpatra.gov.np मा Annex to Bidding data Sheet for provision of E-Bidding मा सबै कागजातहरु Scan गरि PDF format, मा बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र खरिद, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने दिनलाई क्रमश खरिद र दर्ताको अन्तिम मिति मानिनेछ तर बैंक ग्यारेन्टीको हकमा सूचनामा उल्लेखित मितिबाटै जारी भएकोलाई मान्यता दिइनेछ।

२. नेपाल सरकार, बागमति प्रदेश सरकार र किस्पाङ गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ।

३. निर्माण ब्यावसायि र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा निर्माण ब्यावसायिको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ।

४.फर्मले कबोल गरेको अंक (मू.अ.कर समेत) भुक्तानी गर्दा सम्झौताको बखत ४० प्रतिशत, दोस्रो किस्तामा ३० प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशतले भुक्तानी गर्नु पर्नेछ र अन्य कर शुल्क लागेमा निर्माण ब्यावसायि आफैले असूल गरी प्रचलित कानुन बमोजिम दाखिला गर्नु पर्नेछ।

५. ठेक्का स्वीकृत भए पश्चात सम्झौताको बखत कबुल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइनेछ। असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

८. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन।

९. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने भुकम्प पिडित नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन।

१०.बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ। अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन।

११. योजना तथा आयोजनाले आफ्नो क्षेत्रभित्र उत्खनन् गरी संकलित निर्माणजन्य सामाग्रीमा गाउँपालिका क्षेत्र भित्र प्रसोधित र बाहिर लैजानु पर्दा कच्चा पदार्थमा समेत कर संकलन गर्न पाइनेछ।

१२. दैवी बिपत्ति तथा राष्ट्रिय महामारी जस्ता आपतकालिन अबस्था आई देशमा संकटकाल तथा लकडाउन गर्नु पर्ने अबस्था श्रृजना भएमा सो समयको कर छुट सम्बन्धि ब्यबस्था गर्दा प्रचलित कानुनका अधिनमा रही गाउपालिकाले गर्न सक्नेछ।

१३. सूचना मा उल्लेख भएको बाहेक प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

खुम बहादुर ...

प्रमुख प्रशासकीय अधिकृत